गण्डकी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ | संख्याः २१ | मितिः २०७८/०८/१४

**भाग- २**

**गण्डकी गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गण्डकी गाउँपालिकाले गण्डकी गाउँपालिका कृषी विकास कार्यक्रम कार्यविधि, २०७८ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# गण्डकी गाउँपालिका कृषि विकास कार्यक्रम कार्यविधि, २०७८

प्रस्तावना :

गण्डकी गाउँपालिका भित्र कृषि व्यवसाय गरिरहेका कृषकहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि व्यवसायलाई व्यवसायिकरण र आधुनिकीकरणका लागि प्रोत्साहन गर्न गाउँपालिकाबाट स्वीकृत कृषि विकास क्षेत्रको वार्षिक कार्यक्रम व्यवस्थित, सरलिकृत र पद्धतिमूलक रुपले संचालन गर्न बाञ्छनीय भएकोले गण्डकी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधीको नामः कृषि विकास कार्यक्रम कार्यविधी-२०७८ रहेको छ ।

ख) यो कार्यविधी गण्डकी गाउँपालिका स्थानिय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा

क) "गाउँपालिका" भन्नाले गण्डकी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) "कार्यालय" भन्नाले गण्डकी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग) "समिति" भन्नाले दफा २ बमोजिम छनौट समितिलाई सम्झनु पर्दछ ।

घ) "फार्म" भन्नाले एकल स्वामित्व वा बहु स्वामित्वमा रही आधिकारीक निकायमा कानुन बमोजिम दर्ता भएको समूह सम्झनु पर्दछ ।

ङ) "समूह" भन्नाले गण्डकी गाउँपालिकामा दर्ता भएको कृषक समूह बुझ्नुपर्दछ ।

च) "कृषक" भन्नाले गण्डकी गाउँपालिकाका कृषकलाई सम्झनु पर्दछ ।

छ) "कार्यक्रम" भन्नाले कृषि विकास शाखाको वार्षिक कार्यक्रम तथा बहुवर्षीय कार्यक्रम र गाउँपालिकाको कार्यालयसँग अन्य साझेदारहरुले सम्झौता गरि सञ्चालन हुने कार्यक्रम समेतलाई सम्झनु पर्दछ ।

ज) "शाखा" भन्नाले गण्डकी गाउँपालिकाको कृषि विकास शाखा बुझ्नुपर्दछ ।

## परिच्छेद २
## उद्देश्यहरु

**२.उद्देश्य**

क) गण्डकी गाउँपालिकाले लिएको कृषि विकास कार्यक्रमहरुको विद्यमान नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ख) कृषि व्यवसायलाई सहजीकरण प्रवर्द्धन एवं व्यवसायिकरण गर्नको लागि आवश्यक प्रबिधि तथा सिपलाई लक्षित वर्ग सम्म पुर्याउन सहयोग गर्ने ।

ग) कृषि व्यवसायबाट थप रोजगारीका अवसरहरु सृजना गरी जीवनस्तर सुधार गर्ने ।

घ) कृषि उत्पादन परिमाण र गुणस्तरमा सुधार गर्ने तथा उत्पादन लागतमा न्युनिकरण गर्ने ।

ङ) प्राङ्गारिक तथा स्वच्छ अन्न, फलफुल, तरकारी, फ"ल आदि उत्पादनमा सहयोग गर्ने ।

च) व्यवसायिक कृषकहरुको कृषि उत्पादन लागतमा कम गरी व्यवसायलाई प्रतिस्पर्धात्मक बनाउने ।

छ) कृषि कार्यक्रम कार्यान्वयनका लागि कृषक समूह/ समिति/ सहकारी कृषि विकास तर्फका प्राविधिकहरु बीच समन्वय गरी प्रभावकारी बनाउने ।

ज) कृषि तथा पशुपन्छी क्षेत्रको विकास एवं विस्तार गर्न कृषक समूह/समिति/कृषि सहकारी र कृषि फार्महरुलाई उत्प्रेरित गर्ने ।

झ) कृषि बालिमा लाग्ने रोगहरुको निदान उपचार र नियन्त्रणमा सहयोग पुऱ्याउने ।

ञ) कृषि खाद्य सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने ।

ट) गुणस्तरीय खाद्यबस्तु उत्पादन गरी उपभोक्ताहरुलाई पोषण सुरक्षाको प्रत्याभूति दिलाउने ।

ठ) सिमान्तकृत समुदाय लक्षित कृषि उत्पादन कार्यक्रम सञ्चालन गरी उनीहरुलाई कृषि क्षेत्रमा स-शक्तिकरण तथा मूलप्रवाहिकरण गर्ने ।

ड) बालि बिमा कार्यलाई प्रभावकारी बनाउदै लैजाने ।

ढ) नियमन र गुणस्तर व्यवस्थापनमा जोड दिने ।

ण) नेपालका रैथाने कृषि जन्य बस्तुहरुको संरक्षणमा जोड गर्ने ।

त) दीगो वातावरणमैत्री साथै जलवायूको असरलाई न्यूनिकरण गर्ने खालका कार्यक्रममा जोड दिने ।

## परिच्छेद ३
## कार्यक्रम सञ्चालन विधि

## ३. कार्यक्रमहरु

क) आर्थिक बर्ष २०७८।०७९ मा गण्डकी गाउँपालिकामा यस परिच्छेद बमोजिम तपशिलका कार्यक्रमहरु व्यवसायिक कृषक, फर्म तथा कम्पनी, निजि उद्यमी समुह, सहकारी संस्थाहरुमा संचालन हुनेछन ।

| **कृषि विकास शाखा कार्यक्रम** | **रकम** |
|---|---|
| १ आकस्मिक वालि संरक्षण कार्यक्रम | ५,००,००० |
| २ कृषक मलमा अनुदान कार्यक्रम | १०,००,००० |
| ३ फलफूल विरुवा रोपण तथा वितरण कार्यक्रम | ८,००,००० |
| ४ वाली पात्रो प्रकाशन तथा वितरण | २,००,००० |
| ५ विभिन्न कृषि दिवस कार्यक्रम | २,००,००० |
| ६ कृषि उपकरण वितरण | १२,५०,००० |
| ७ साना सिचाई विकास कार्यक्रम | ९,००,००० |
| ८ अनुगमन तथा सुपरिवेक्षेण | १,५०,००० |
| **जम्मा** | **५०,००,०००** |

### ख) वडा स्तरीय ५०%अनुदान कार्यक्रम तथा बजेट

| **क. स** | **कार्यक्रम** | **वडा** | **बजेट रु** | **कैफियत** |
|---|---|---|---|---|
| **१** | धानको विउ वितरण | वडा न २ | १,००,००० | |
| २ | अनुदानमा मल विउ वितरण कार्यक्रम | वडा नं ३ | २,००,००० | |
| ३ | अनुदानमा मल विउ वितरण कार्यक्रम | वडा नं ४ | २,००,००० | |
| ४ | कृषि सामाग्री खरिद | वडा नं ५ | १,००,००० | |
| ५ | वेनि गाउँ किवि प्रर्वद्धन कार्यक्रम | वडा नं ८ | १,७५,००० | निःशुल्क/शत प्रतिशत अनुदानमा संचालन गरिने छ |
| ६ | **जम्माः** | | **७,७५००००** | |

१ वडा स्तरीय कार्यक्रमहरु शाखाले वडा कार्यलयहरुसंग समन्वय गरी कार्यक्रम संचालन गर्नेछ ।
२ यसै कार्यविधि बमोजिमको प्रक्रिया वडा स्तरीय कार्यक्रमको हकमा समेत लागु हुनेछ ।

## परिच्छेद ४

**४. कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था**

**४.१ .कार्य क्षेत्रः** गण्डकी गाउँपालिका भित्रका कृषक/कृषक समूह/कृषि फार्म/कृषि सहकारी संस्था ।

**४.२ कार्यक्रम संचालनः** शाखाले अनुसूची १ बमोजिम १५ दिनको म्याद राखी कार्यक्रम संचालनको लागि प्रस्तावना पेश गर्ने सुचना स्थानीय पत्रपत्रिका/स्थानीय रेडियो/एफ.एम./कार्यालयको website /वडा कार्यलयको सुचनापाटी आदिबाट सुचना प्रवाह गरिनेछ ।

४.३ कृषक/कृषक समूह/कृषि फार्म/कृषि सहकारीहरुले वडा कार्यलय वा शाखामा कार्यक्रम प्रस्तावना आवेदन पेश गर्न सक्नेछन ।

४.४ वडा कार्यलय वा शाखामा आएका आवेदनहरु शाखाले संकलन गर्नेछ ।

४.५ प्रस्ताव स्वीकृत भएका कार्यक्रम प्रस्तावनाहरुको फिल्ड अनुगमन शाखाका कर्मचारी र समितिले आवश्यकता अनुसार गर्नेछ ।

४.६ फिल्ड अनुगमन पश्चात समितिले अनुसुची २ बमोजिम प्रस्तावना मुल्याङकन गरी छनोट गर्नेछ ।

**५ आकस्मिक बालिसंरक्षण सेवा** :

**उद्देश्य :** गाउँपालिका अन्तर्गतका कृषक हरुले लगाएको बालीनालीमा रोग किराको प्रकोप बाट बालिसंरक्षण गर्न आकस्मीक सेवा पुर्‍याउनु ।

**कार्यविधि :** गाउँपालिका अन्तर्गतका कृषकहरुले लगाएको बालीनालीमा रोग किराको प्रकोप देखिनासाथ कृषक,कृषक समुह समेत परीचालन गरी आबस्यक बाली संरक्षणका उपायहरु प्रयोग गरी, बिषादी,स्प्रेयर,डस्टर,उपकरण आदी के कती आबस्यक पर्छ सोको ब्यबस्था गरी आकस्मीक प्रकोप नियन्त्रण गर्ने ब्यबस्था मिलाउनु पर्दछ ।

**आर्थिक पक्ष :**

आकस्मिक बाली संरक्षण सेवा :–प्राप्त प्रकोप सम्बन्धी सुचना र मागको आधारमा बालीसंरक्षण सामाग्री,बिषादी खरीदको लागी बार्षिक रु ५०००००। सम्म खर्च गर्न सकीने ।

**७ कृषक मलमा अनुदान कार्यक्रमः**

**उद्देश्य :** गाउँपालिका अन्तर्गतका कृषकहरुको कृषि उत्पादन एवम् उत्पादकत्व वृद्धि गरी आर्थिक स्थितिमा सुधार ल्याई खाद्य सुरक्षा बढाउन कृषकहरुलाई ढुवानीमा २५ प्रतिशत अनुदान दिई रासायनिक मल उपलब्ध गराउनु ।

**कार्यविधिः**

- किसानहरुलाई ढुवानीमा २५ प्रतिशत अनुदान दिई रासायनिक मल उपलब्ध गराइने छ ।

- वडामा हुने कृषि प्राविधिक संग वडा भित्र रहेका किसान र आवश्यक मलको मात्रा एकीन गरिने छ ।
- गाउँपालिका अन्तर्गतका कृषकहरुलाई नेपाल सरकाको अनुदानमा **रासायनिक मल वितरण निर्देशिका २०७७** को आधारमा रहि **ढुवानीमा २५ प्रतिशत अनुदान दिने** गरि साल्ट ट्रेडिङ कर्पोरेसन र कृषि सामाग्री कम्पनी लिमिटेडबाट रासायनिक मल खरिद गरिने छ ।
- सबै वडा कार्यालय वा वडामा हुने कृषि प्राविधिक संग समन्वय गरि खरिद गरिएको रासायनिक मल किसानहरुलाई वितरण गरिने छ ।

**आर्थिक पक्ष :**

**कृषक मलमा अनुदान कार्यक्रमः** :– कृषकहरुलाई ढुवानीमा २५ प्रतिशत अनुदान दिई रासायनिक मल उपलब्ध गराउनको लागी बार्षिक रु १०,००,०००। सम्म खर्च गर्न सकीने ।

**८ फलफूल विरुवा रोपण तथा वितरण कार्यक्रमः**

**उद्देश्य** गाउँपालिका अन्तर्गतका कृषकहरुलाई व्यावसायिक रुपमा फलफूलको रोपण तथा वितरणको माध्यम बाट फलफूलको उत्पादकत्व वृद्धि गरी आर्थिक स्थितिमा सुधार ल्याउनु ।

**कार्यविधिः**

- फलफूलको विरुवा ७५ प्रतिशत अनुदानमा उपलब्ध गराईने छ ।
- छनोट भएका आवेदकहरुलाई फलफूल विरुवा रोपण तथा व्यवस्थापन सम्बन्धी १ दिने तालिम दिइने छ ।
- आवश्यक्ता अनुसार प्राविधिक सेवा उपलब्ध गराईने छ ।

**आर्थिक पक्ष :**

**फलफूल विरुवा रोपण तथा वितरण** :–प्राप्त सुचना र मागको आधारमा फलफूलको विरुवा खरीदको लागी रु ८०००००। सम्म खर्च गर्न सकीने ।

**९ वाली पात्रो प्रकाशन तथा वितरणः**

**उद्देश्य :**गाउँपालिका भित्रका किसानहरुको लागि सिजन र हावापानी अनुसारको अन्न बाली,तरकारी बाली तथा फलफूल खेति गर्नको लागि वितृत जानकारी गराउनु ।

**कार्यविधिः**

गाउँपालिका भित्रका व्यावसायिक किसानहरुलाई वाली पात्रो प्रकाशन गरि निःशुल्क उपलब्ध गराईने छ ।

**आर्थिक पक्ष :**

**वाली पात्रो प्रकाशन तथा वितरणः** :– बाली पात्रो प्रकाशन गरि निःशुल्क वितरणको लागि बार्षिक रु २०००००। सम्म खर्च गर्न सकीने ।

**१०. विभिन्न कृषि दिवस कार्यक्रमः**

**उद्देश्यः**गाउँपालिका भित्र कृषि संग संबन्धीत दिवसहरु मनाई प्रविधि प्रसार तथा महत्वको बारेमा जानकारी गराउँनु ।

**कार्यविधिः** राष्ट्रिय स्तरका कृषि संग संबन्धीत दिवसहरु आवश्यक तयारी गरि गाउंपालिका भित्र संचालन गरिने छ ।

**आर्थिक पक्ष :**

**विभिन्न कृषि दिवस कार्यक्रमः**:– विभिन्न कृषि दिवस कार्यक्रम संचालनको लागि बार्षिक रु २०००००। सम्म खर्च गर्न सकीने ।

**११. कृषि उपकरण वितरण** :

**उद्देश्य**: उन्नत प्रबिधी अबलम्बन गर्न बालीको सुरक्षित उत्पादन एबम् भण्डारणका लागि कृषकहरुलाई उत्प्रेरीत गर्नु

**कार्यविधि** :

- कृषक, फर्म ,कृषकसमूह,सहकारीहरुको आबस्यक्ता अनुसार मिनी पावर टीलर,थ्रेसर,धान काट्ने तथा कोदो चुटेने मेसिन, कुटानी पिसानी मेसिनमा ५०% सम्म अनुदान दिइने छ ।
- सामाग्रीहरु पहीचान गरी कृषक वा कृषक समुहमा रहने गरी भरपाई समेत बनाई उपलब्ध गराउने ब्यबस्था मिलाउनु पर्दछ ।
- अघिल्लो आ .व मा वडा कार्यालय,गा पा कार्यालय ,कृषि ज्ञान केन्द्र,प्रदेश,संघका वा कुनै संघ संस्थाबाट अनुदानमा कार्यालयहरुबाट अनुदानमा मिनी पावर टीलर,थ्रेसर,धान काट्ने तथा कोदो चुटेने मेसिन, कुटानी पिसानी मेसिन नलिएको हुनुपर्ने ।

**आर्थिक पक्ष :**

**कृषि उपकरण वितरण कार्यक्रमः**:– कृषि उपकरण वितरण कार्यक्रम संचालनको लागि बार्षिक रु १२,५०,०००। सम्म खर्च गर्न सकीने ।

**१२. साना सिंचाई विकास कार्यक्रमः**

**उद्देश्य**: व्यासायिक कृषक, फर्म, समूह,सहकारीहरुलाई सिंचाईको उचित प्रबन्ध मिलाई उत्पादन बढाउनु ।

**कार्यविधिः**

- कृषक, फर्म ,कृषकसमूह,सहकारीहरुको आबस्यक्ता अनुसार सिचाइको लागि ५० प्रतिशत अनुदानमा सिचाइ पाइप उपलब्ध गराइने छ ।
- कृषक, फर्म, समूहमा वा,सहकारीलाई भरपाई समेत बनाई उपलब्ध गराउने ब्यबस्था मिलाइने छ ।

**आर्थिक पक्ष :**

**साना सिंचाई विकास कार्यक्रमः**:– कृषि उपकरण वितरण कार्यक्रम संचालनको लागि बार्षिक रु ९,००,०००। सम्म खर्च गर्न सकीने ।

## परिच्छेद ५
## छनौट प्रक्रिया

### ५. छनौट प्रक्रियाः

१. रित पूर्वक पेश हुन आएका आवेदनहरुको मुल्याङकन गरी छनौट गर्ने देहाय बमोजिम समिति गठन हुनेछ ।

- गाउँपालिका अध्यक्ष - संयोजक
- गाउँपालिका उपाध्यक्ष - सदस्य
- प्रशासकीय अधिकृत - सदस्य
- योजना शाखा प्रमुख - सदस्य
- वडा नं. ३ का वडा अध्यक्ष - सदस्य
- वडा नं. ६ का वडा अध्यक्ष - सदस्य
- गाउँपालिका कृषि विकास शाखा प्रमुख - सदस्य

२. समितिले आवश्यकता अनुसार शाखाको अन्य कर्मचारीलाई आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ ।

३.वडा स्तरीय कार्यक्रमको हकमा छनौट गर्ने देहाय बमोजिम समिति गठन हुनेछ ।

- वडा अध्यक्ष - संयोजक
- वडा सचिव - सदस्य
- वडा समितिले तोकेको १ महिला सहित २ जना वडा सदस्य - सदस्य
- वडामा हुने शाखाको कर्मचारी - सदस्य सचिव

४. छनौट समितिले मुल्याङकन सिफारीश गरेको सुची कार्यालयको website/वडा कार्यलयको सुचना पाटीमा प्रकाशन गर्नेछ ।

५. छनोट भएका कृषक/कृषक समूह/कृषि फार्म/कृषि सहकारी संस्थाहरुले अनुसुची ३ बमोजिम कार्यक्रम संचालनको लागि सम्झौता गर्नेछन ।

## परिच्छेद ६
## भुक्तानी प्रक्रिया

### ६. अनुदान रकम र भुक्तानी प्रक्रियाः

१. छनोट भएका कृषक/कृषक समूह/कृषि फार्म/कृषि सहकारी संस्थाहरुले सम्झौता बमोजिम कार्यक्रम सम्पन्न गरे पश्चात अनुदान रकम उपलब्ध हुनेछ ।

२. उपदफा १ बमोजिम अनुदान रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्नै पर्नेछ ।

- वडा कार्यालयको अन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति,
- शाखा वा समितिले गरेको अनुगमन प्रतिवेदनको सक्कल प्रति,
- आवश्यक बिल भरपाई,
- अनुदान कार्यक्रम संचालन भएको स्थलको फोटो ३ प्रति,
- समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपि,
- भुक्तानीका लागि निवेदन ।

## परिच्छेद ७

**७. अनुगमनः**

१. संचालित कार्यक्रमको गाउँपालिका, कृषि सेवा शाखा, वडा कार्यालय तथा कृषि सेवा केन्द्रले अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

## परिच्छेद ८

**८. भुक्तानी दिन बाध्य नहुनेः**

१..सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन ।

२. सम्झौता गरेको आर्थिक वर्ष भित्रमा कार्यसम्पन्न गरी भुक्तानी लिन नआएमा त्यस्ता अनुदानग्राहीलाई रकम भुक्तानी गरिने छैन ।

## परिच्छेद ९
## विविध

**९. बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै द्विविधा भएमा सोको ब्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा हुनेछ ।

अनुसूचि -१

अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदन

मितिः.........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,<br>
गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,<br>
भुम्लीचोक ,गोरखा।

विषयः कार्यक्रम अनुदान सम्बन्धमा ।

प्रस्तुत विषयमा गण्डकी गाउँपालिका, कृषि सेवा शाखाबाट मिति....................... मा प्रकाशित सूचना अनुसार ........................................................ शीर्षक अनुदान कार्यक्रम संचालन गर्न तपशिलका कागजातहरु संलग्न गरी आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

संलग्न कागजातहरु:

१. फर्म वा संस्थाले प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।

२. सम्बन्धित वडा कार्यालयले कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए के कति अनुदान भएको हो सोको व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

३. समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान माग गर्नको लागि गरेको निर्णय प्रतिलिपि ।

४. आवेदकले आफूले संचालन गर्ने व्यवसायको परियोजना प्रस्ताव ।

५. फर्म वा व्यवसाय संचालनमा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा प्रचलित नियम बमोजिम सामान्यतय ५ वर्ष भाडामा लिएको खुल्ने काजजातको प्रतिलिपि

६. कार्यक्रम संचालन हुने आर्थिक वर्षको सम्पत्ति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि ।

७. वडा कार्यालयको कृषक वर्गिकरण फारमको प्रतिलिपि ।

निवेदकको
दस्तखत:
नाम, थर:
ठेगाना:
सम्पर्क नं.:
छाप

## अनुसूचि -२

**मूल्याङकनका आधारहरु:**

| **क स** | **मूल्याङकनका आधारहरु** | **पूर्णाङ्क** |
|---|---|---|
| १ | सम्बन्धित उद्यम व्यवसायको तालिम लिएको (एकाघर सदस्यको गणना) | ५ |
| १ .१ | सात कार्य दिन भन्दा दिन भन्दा बढि लिएको भए | ५ |
| १.२ | सात कार्य दिन भन्दा दिन भन्दा कम लिएको भए | ३ |
| २. | पेश गरेको कार्य योजना | **१५** |
| ३ | उक्त स्थानमा व्यवसायको सम्भाव्यता र उपयूक्तता | **१५** |
| ४ | वास्तविक लक्षित वर्ग (दलित, जनजाति, महिला, सिमान्तकृत ,अपाङ्गता) | **१०** |
| ५ | समूह र सहकारी | **५** |
| | **जम्मा** | **५०** |

## अनुसूचि - ३
## सम्झौता पत्र

आ.व. २०७८।०७९ गण्डकी गाउँपालिका...............................को कार्यक्रम संचालनको लागि गण्डकी गाउँपालिका (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) र छनौट भएका कृषि फार्म/कृषक समूह/समिति/कृषि सहकारी ............(यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) र बीच तपशीलका शर्तमा रहि कार्यक्रम सञ्चालन गर्न द्विपक्षीय सम्झौता भएको छ।

तपशील

१. कार्ययोजना अनुसार कार्यक्रम र क्रियाकलाप तोकिएको अवधिमा सम्पन्न गर्नु दोश्रो पक्षको जिम्मेवारी हुनेछ।

२. पहिलो पक्षले दोश्रो पक्षलाई कार्यक्रम सञ्चालनको लागि दिनुपर्ने अनुदान रकम कृषि फार्म/कृषक समूह/कृषि समिति/कृषि सहकारीको बैक खातामा जम्मा गर्नेछ।

३. पहिलो पक्षबाट तोकिएको प्राविधिक बिषय बस्तुलाई दोश्रो पक्षले अनिवार्य पालना गर्नुपर्नेछ।

४. पहिलो पक्षबाट प्राप्त हुन आएको अनुदान सहयोगलाई दोश्रो पक्षले कम्तिमा पनि ५ बर्ष सम्म मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेको पाईएमा रकम निजहरुको सो रकम असुल उपरको लागि प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गरिनेछ।

५. पहिलो पक्षले अनुदान प्राप्त गर्नेको नियमित अनुगमन गर्ने छ।

६. दोश्रो पक्षले चौमासिक रुपमा प्रगति बिवरण शाखामा बुझाउनु पर्नेछ।

प्रथम पक्ष
गण्डकी गाउँपालिकाको तर्फबाट दस्तखत गर्नेको
नाम :
पद :
दस्तखत :
मिति :
कार्यालयको छाप

रोहवर

दोश्रो पक्ष
नाम:
पद:
दस्तखत :
मिति:
संस्थाको छाप

आज्ञाले,
नाम: जित वहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत